## बैठक संख्या -७

### मिति २०८२/८/२३ गतेको गाउँकार्यपालिका सातौं बैठकका प्रस्तावहरु

१. मा. वि. पचहियाको जग्गा प्राप्ती सम्बन्धमा ।

२. नदि जन्य पदार्थको आ.ई.ई. तथा प्राविधिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

३. छानविन समिति गठन सम्बन्धमा ।

४. कानून निर्माण सम्बन्धमा ।

क) गढवा गाउँपालिका स्थानीय भूमि विधेयक, २०८२ निर्माण सम्बन्धमा ।

ख) गढवा गाउँपालिकाको स्थानीय लैङ्गिक हिंसा निवारण कोष (संचालन र व्यवस्थापन) कार्यविधि निर्माण सम्बन्धमा ।

ग) बाल कोष (संचालन र व्यवस्थापन) कार्यविधि निर्माण सम्बन्धमा ।

घ) योजना अनुगमन मूल्याङ्कन तथा फरफारक एवं भुक्तानी कार्यविधि निर्माण सम्वन्धमा ।

ङ) गढवा गाउँपालिकामा उपेक्षित उष्ण प्रदेशिय रोग प्रभावित नागरिकका लागि स्वयम् हेरचाह समूह गठन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि,२०८२ निर्माण सम्बन्धमा ।

५. मेडिकल अधिकृत पदको लागि विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा ।

६. ५ नं. वडा कार्यालयको बजेट कार्यान्वयन सम्बन्धमा ।

७. सार्वजनिक सुनवाईको मिति र स्थान तय गर्ने सम्बन्धमा ।

८. प्राविधिक सेवाका कर्मचारीहरुलाइ थप जिम्मेवारी दिन सकिने सम्बन्धमा ।

९. गढवा गाउँपालिकाको गतिविधि सम्प्रेषण गर्ने सम्बन्धमा ।

१०. ज्यालादारीको पारिश्रमिक सम्बन्धमा ।

११. आर्थिक सहायता सम्बन्धमा ।

१२. विविध सम्बन्धमा ।

क) नदिजन्य पदार्थको प्रोत्साहन भत्ता सम्बन्धमा ।

ख) फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा ।

ग) नापी कार्यालयको अनुरोध सम्बन्धमा ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको सातौं बैठकका निर्णयहरु - २०८२/०८/२३

### निर्णय नं. १

श्री माध्यमिक विद्यालय पचहिया गढवा २ दाङको च.नं.२५, मिति २०८२/०७/२१ गतेको पत्र अनुसार श्री मालपोत कार्यालय लमही दाङको च.नं. ७५३, मिति २०८२/०६/१० गतेको पत्रसाथ प्रकाशित ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना तथा उक्त विद्यालयको मिति २०८२/०७/२१ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय र वडा नं. २ को कार्यालयको मिति २०८२/०८/११, च.नं. ४८५ को चार किल्ला प्रमाणित सिफारिस बमोजिम साविक पत्रिगां गा.वि.स.को ४ क  कित्ता नं. १२९ को जग्गा क्षेत्रफल ०-५-५ (पाँच कठ्ठ पाच धुर) विद्यालयको नाममा दर्ताको गर्नका लागि श्री मालपोत कार्यालय लमही दाङलाई सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

आ.व. ०८२/०८३ मा राप्ती नदि लगायत विभिन्न घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण प्रयोजनका लागि तयार भएको आ.ई.ई. तथा प्राविधिक प्रतिवेदन उपर छलफल भई तपसिल बमोजिमका घाटहरुको आ.ई.ई. स्वीकृत गर्ने र सो बमोजिम नदिजन्य पदार्थ उत्खननको लागि अनुमति प्रदान गर्ने जिल्ला समन्वय समिति मार्फत राष्ट्रपति तराई चुरे संरक्षण इकाइ बुटवलमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

**तपसिलः**

**आ.ई.ई. प्रतिवेदन भएका घाटहरु**

१. चिसापानी जुरौनी खोलादेखि पुर्व क्षेत्र वडा नं. १ (जम्मा उत्खनन् योग्य परिमाण १८००० घ.मि.)
२. मलमलादेखि बनघुस्रीसम्मको खण्ड (क्षेत्र नं.१) वडा नं. १ (जम्मा उत्खनन् योग्य परिमाण २३५१२ घ.मि.)
३. मलमलादेखि बनघुस्रीसम्मको खण्ड (क्षेत्र नं.२) वडा नं. १ (जम्मा उत्खनन् योग्य परिमाण १७४०० घ.मि.)
४. माथिल्लो वडहरादेखि तल्लो बडहरासम्मको खण्ड क्षेत्र नं. १ (जम्मा उत्खनन् योग्य परिमाण २१००० घ.मि.)
५. माथिल्लो वडहरादेखि तल्लो बडहरासम्मको खण्ड क्षेत्र नं. २ (जम्मा उत्खनन् योग्य परिमाण १८००० घ.मि.)
६. पत्रिगांदेखि जेठानगाउँ सम्मको खण्ड वडा नं. २ (जम्मा उत्खनन् योग्य परिमाण २४९७५ घ.मि.)
७. माथिल्लो पचहियादेखि महदेवा पुलसम्मको खण्ड (जम्मा उत्खनन् योग्य परिमाण १८००० घ.मि.)
८. खैरा घाट खण्ड वडा नं. ३ (जम्मा उत्खनन् योग्य परिमाण १२००० घ.मि.)
९. भोजपुर घाट खण्ड वडा नं. ७ (जम्मा उत्खनन् योग्य परिमाण ६००० घ.मि.)

**प्राविधिक प्रतिवेदन भएका घाटहरु**

१. वडहरा झोपुदेखि तल पत्रिगां सम्मको खण्ड क्षेत्र नं. १ (जम्मा उत्खनन् योग्य परिमाण २२३१२ घ.मि.)
२. वडहरा झोपुदेखि तल पत्रिगां सम्मको खण्ड क्षेत्र नं. २ (जम्मा उत्खनन् योग्य परिमाण २२३१२ घ.मि.)
३. वडहरा झोपुदेखि तल पत्रिगां सम्मको खण्ड क्षेत्र नं. ३ (जम्मा उत्खनन् योग्य परिमाण १४८७५ घ.मि.)
४. वडहरा झोपुदेखि तल पत्रिगां सम्मको खण्ड क्षेत्र नं. ४ (जम्मा उत्खनन् योग्य परिमाण १४८७५ घ.मि.)

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

५. रतनपुर घाट वडा नं. ३ (जम्मा उत्खनन् योग्य परिमाण ३०००० घ.मि.)
६. खडकपुर घाट क्षेत्र नं. १ (जम्मा उत्खनन् योग्य परिमाण २९४०० घ.मि.)
७. खडकपुर घाट क्षेत्र नं. २ (जम्मा उत्खनन् योग्य परिमाण १४७०० घ.मि.)
८. धरमपुर घाट क्षेत्र नं. १ (जम्मा उत्खनन् योग्य परिमाण १५००० घ.मि.)
९. धरमपुर घाट क्षेत्र नं. २ (जम्मा उत्खनन् योग्य परिमाण १२७५० घ.मि.)
१०. झारबैरा घाट क्षेत्र नं. १ (जम्मा उत्खनन् योग्य परिमाण १२५०० घ.मि.)
११. झारबैरा घाट क्षेत्र नं. २ (जम्मा उत्खनन् योग्य परिमाण १२५०० घ.मि.)

## निर्णय नं. ३

नगर प्रहरीको कार्य सम्पादन सम्बन्धमा छानविन गरी राय सहितको प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिम पदाधिकारी भएको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. श्री भक्तु चौधरी | संयोजक |
| २. श्री राहुलदेव चौधरी | सदस्य |
| ३. श्री रमा भण्डारी | सदस्य |

समितिको कामकाज गर्नको लागि प्रशासन शाखा प्रमुखलाई सचिबको जिम्मेवारी दिने निर्णय गरियो ।

## निर्णय नं. ४

तपसिल बमोजिमको कानूनको आवश्यकता भएकोले मस्यौदा तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) गढवा गाउँपालिका स्थानीय भूमि विधेयक, २०८२ निर्माण सम्बन्धमा ।
ख) गढवा गाउँपालिकाको स्थानीय लैङ्गिक हिंसा निवारण कोष (संचालन र व्यवस्थापन) कार्यविधि निर्माण सम्बन्धमा ।
ग) बाल कोष (संचालन र व्यवस्थापन) कार्यविधि निर्माण सम्बन्धमा ।
घ) योजना अनुगमन मूल्याङ्कन तथा फरफारक एवं भुक्तानी कार्यविधि निर्माण सम्बन्धमा ।
ङ) गढवा गाउँपालिकामा उपेक्षित उष्ण प्रदेशिय रोग प्रभावित नागरिकका लागि स्वयम् हेरचाह समूह गठन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२ निर्माण सम्बन्धमा ।

## निर्णय नं. ५

गढवा गाउँपालिका अन्तर्गत गढवा स्वास्थ्य चौकी र इमरजेन्सी सेवामा कार्यरत मेडिकल अधिकृतले राजिनामा दिई सो पद रिक्त रहेकोले १ जना मेडिकल अधिकृत सेवा करारमा पद पूर्ति गर्नका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै यसै सूचनाबाट चालु आ.व. मा स्वास्थ्य चौकीहरुमा मेडिकल अधिकृतको पद रिक्त हुन गएमा यसै विज्ञापनको वैकल्पिक उम्मेदवारबाट प्राथमिकताको आधारमा पद पूर्ति गर्ने निर्णय गरियो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner



**<u>निर्णय नं. ६</u>**

वडा नं. ५ तर्फका विनियोजित बजेटको क्र.सं. ९,१०,१३ र १६ लाई तपसिल बमोजिम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

क्र.सं. ९. अधुरो पक्की नाली निरन्तरता (सोनपुरुवा, बोधीपुर र झाली) वडा नं. ५ : ५,००,०००।

क) सोनपुरुवामा - रु. २ लाख ५० हजार

ख) बोधीपुर झालीमा - रु. २ लाख ५० हजार

क्र.सं. १०. कल्भर्ट मर्मत सम्भार (प्रनाहा, चैनपुर, बाँकी साई मन्दिर नेर मुलबाटो र धर्मपुर पश्चिम गल्ली) वडा नं. ५ : २,५०,०००।

क) प्रनाहा कल्भर्ट मर्मत सम्भारमा - रु. १ लाख

ख) चैनपुर कल्भर्ट मर्मत सम्भार - रु. ५० हजार

क्र.सं. १३. सिंचाई कुलो निर्माण (कक्रहवा, धर्मपुरको डुडराकुलो) वडा नं. ५: ३,५०,०००।

क) कक्रहवामा - रु. १ लाख ७५ हजार

ख) धर्मपुरको डुडराकुलोमा - रु. १ लाख ७५ हजार

क्र.सं. १६. सामुदायिक भवन मर्मत (कक्रहवा, खजरौटा, तकियापुर, बोधिपुर) वडा नं. ५: ८,००,०००।

क) कक्रहवामा - ३ लाख

ख) खजरौटामा - २ लाख

ग) तकियापुर - २ लाख

घ) बोधिपुर - १ लाख

**<u>निर्णय नं. ७</u>**

आ.व. २०८२/०८३ को पहिलो त्रैमासिक सार्वजनिक सुनुवाई मिति २०८२/०९/०७ गतेका दिन गढवा गाउँपालिका वडा नं. २ को कार्यालय परिसरमा गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ८</u>**

प्रशासन सेवाका सहायकस्तरका कर्मचारी पदपुर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग आकृति फारम पठाइएको र प्रशासन सेवाका कर्मचारीहरु पदपुर्ति नभएसम्मको लागि स्थायी प्राविधिक सेवाका कर्मचारीहरुलाई आफ्नो पदीय जिम्मेवारीका साथसाथै थप वडासचिबको पदमा कामकाजमा जिम्मेवारी दिनुपर्ने अवस्था आएमा त्यसरी कामकाज लगाउने र त्यसरी कामकाज गराउनु परेको अवस्थामा निजहरुलाई प्रतिमहिना रु. ५०००।०० प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ९</u>**

गढवा गाउँपालिकामा आ.व. २०८२/०८३ मा भएका र हुने गाउँपालिकाका विभिन्न गतिविधि, विकास निर्माण, सूचना, स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन लगाएतका विषयहरु समेटेर **हाम्रो गढवा कार्यक्रम** सचालन गर्न एनटिभी कोहलपुर च्यानल, कोहलपुर बाँकेसँग सम्झौता गर्ने र सो कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्थापन गढवा गाउँपालिकाको चालु आ.व.को बजेट तथा कार्यक्रमको डकुमेन्टरी र **स्मारिका प्रकाशन** शिर्षकबाट गर्ने निर्णय गरियो ।

राम नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**निर्णय नं. १०**

वडा कार्यालयहरुमा नियमित जनशक्तिबाट दैनिक प्रशासनिक कार्यसंचालन गर्न कठिन भएकोले दैनिक डोरहाजिरीमा पारिश्रमिक उपलब्ध गराउने गरि गाउँकार्यपालिकाको बैठकबाट निर्णय भई वडा कार्यालयहरु १, २, ३, ४, ६ र ७ एक/एक जना सहयोगी कर्मचारी तथा सर्पदंश कार्यालय र भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबास कार्यक्रममा नाँपजाँचका लागि डोर हाजिरमा खटिने सहयोगी कर्मचारी राखिएकोमा निजहरुको पारिश्रमिक दाङ जिल्ला दररेट अनुसारको प्रतिदिन रु.६७०(ज्यामी) का दरले २०८२ साल पुस महिनाको १ गतेदेखि लागु हुने गरि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

गढवा गाउँपालिकाको कार्यालयमा प्राप्त हुन आएका तपशिल बमोजिमका व्यक्ति/संस्थाहरुको निवेदन/सिफारिस अनुसार देहायबमोजिमको आर्थिक सहायता उपलब्ध गराउने ।

तपशिलः

| क्र.सं. | सहायता मागगर्ने व्यक्ति | विषय | रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | जगतराम यादव | देउखुरी साहित्य तथा सांस्कृतिक मंच प्रकाशन (अवधि कथा संग्रह) | २५ हजार | मधेशी समुदाय लक्षित कार्यक्रम |
| २. | वच्छराज यादव | अवधि गजल संग्रह | १५ हजार | |

**१२. विविध निर्णय :**

क) नदिजन्य पदार्थ अवैध रुपमा चोरी निकासीमा संलग्न रहेको कुनै मालबाहक गाडी पक्राउ गर्ने नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरीलाई पक्राउ पर्ने मालबाहक गाडीलाई हुने जरिवानाको २५ प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने तथा सुराकीको आधारमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरीले पक्राउ गरेमा पक्राउ पर्ने मालबाहक गाडीलाई हुने जरिवानाको १० प्रतिशत रकम सुराकीलाई र १५ प्रतिशत रकम पक्राउ गर्ने सुरक्षा निकायलाई प्रोत्साहन बापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

ख) गढवा बजारबाट संकलित फोहर गढवा ६ स्थित सर्वोदय सामुदायिक वनसँगको साझेदारीमा व्यवस्थापन गर्ने निर्णय गरियो र सो कार्यको सहजिकरण गर्नको लागि वडा नं. ६ को कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

राम नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

ग) श्री नापी कार्यालय, लमही दाङले कार्यालय व्यस्थापन तथा परिसर सुधार कार्यअन्तर्गत कार्यालय परिसर पार्टिशन गर्नका लागि कार्यालयमा बजेट नभएको भनि सहयोग गरिदिन भनि यस गढवा गाउँपालिकाको कार्यालयमा च.नं. २०२, मिति २०८२/०६/२८ गते सिफारिस पत्र पठाएको र यस गाउँपालिकाको जग्गा प्रशासन सम्बन्धी कार्यहरु नापी कार्यालयवाट सम्पादन हुने हुदाँ सहयोग गर्ने निर्णय गरियो । पार्टेशन कार्य प्राविधिक लागत अनुमान वमोजिमको रकम रु. ९४,९२८.९८ आगामी गाउँसभाबाट समर्थन गराउने गरि साझेदारी कोष शिर्षकवाट भुक्तानी हुने गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

घ) गढवा गाउँपालिका र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. तुलसीपुर ६ दाङ्गसँगको सहकार्यमा किसानहरुबाट खरिद गरिएको धान गढवा गाउँपालिका वडा नं. ४ स्थित कालिका प्रा.वि.मा भण्डारण गर्ने प्रयोजनका लागि विद्यालयको झ्याल ढोका मर्मत कार्य गरिएकोले मर्मत खर्च प्राविधिक लागत अनुमान तथा मूल्याङ्कन बमोजिम हुन आउने रकम रु. ४४,२१३।७० आगामी गाउँसभाबाट समर्थन गराउने गरि साझेदारी कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्ने

यम नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल